# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## राष्ट्रिय भुकम्प सुरक्षा दिवसको सन्देश

२७ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवस २०८१ को अवसरमा बागमती प्रदेश तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा भुकम्पीय सचेतनामा वृद्धि होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

१९९० साल माघ २ गतेको विनाशकारी भुकम्पको सम्झनाको दिनमा सचेतना प्रवाह हेतु हरेक वर्ष माघ २ लाई भुकम्प सुरक्षा दिवसको रुपमा विभिन्न चेतना र सावधानीमुलक कार्यक्रमसहित मनाइन्छ। यो वर्षको नारा **"भुकम्पले सिकाएको पाठः बलिया संरचना र सुदृढ पुर्वतयारीका साथ"** रहेको छ। भुकम्प प्राकृतिक प्रकोप हो। यसलाई रोक्न सकिन्न तर सुरक्षित संरचना, सावधानि, पुर्वतयारीका उपायहरु अपनाएर यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। भुकम्पलाई क्षतिको कारण मान्नुभन्दा हामी बलिया, सुरक्षित संरचना, पुर्वसावधानी र भुकम्प गइहालेमा गर्नुपर्ने प्रतिकार्यमा उचित ध्यान दिएर सुरक्षात्मक स्थितिमा रहनुपर्दछ। नेपाल भुकम्पीय जोखिम क्षेत्रमा रहेको कारणले पनि हामी धेरै सचेत हुनु जरुरी छ। वि.स.२०७२ को बिनाशकारी भुकम्पपछि धेरै पराकम्प र अरु थुप्रै भुकम्पहरुले हामीलाई तर्साइरहेका छन्। हामी आत्तिनु हुदैन तर सुरक्षात्मक उपायहरू अपनाउन कुनै कसर बाँकी राख्नुहुदैन। राज्यका सम्पुर्ण निकाय समेत् पुर्वतयारीका साथ रहनुपर्छ।

अन्तमा इतिहासको विभिन्न कालखण्डमा गएका भुकम्पमा परी ज्यान गुमाउने ज्ञात अज्ञात व्यक्तिहरुप्रती श्रद्धाञ्जली अर्पण गर्दछु। पुनः सबै दाजुभाइ दिदीबहिनीहरु तथा राज्यका सम्पुर्ण निकायहरुमा भुकम्पीय सुरक्षात्मक उपायहरू यथाशक्य अपनाउन आजको दिनले प्रेरणा दिनेछ भन्ने कामना गर्दछु।

**२०८१ साल माघ २ गते, बुधबार।**
**नेपाल सम्वत् : ११४५ प्वहेलागाः द्वितीया।**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**